भाग ५

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

सूचना

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. र २६घ३. ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २६ग. र २६घ. को प्रयोजनको लागि मोही लागेको जग्गाको जग्गावाला र मोहीले त्यस्तो जग्गा बाँडफाँड गरी लिन निवेदन दिने तथा त्यस्तो जग्गाको जग्गावाला र मोहीबिच जग्गा बाँडफाँड गरी कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि तोकी खण्ड ६६, सङ्ख्या २२, मिति २०७३।०५।०६ को नेपाल राजपत्र भाग ५, खण्ड ६७, सङ्ख्या ३८, मिति २०७४।०७।२४ को नेपाल राजपत्र भाग ५, खण्ड ६८, सङ्ख्या ४६, मिति २०७५।०९।१६ को नेपाल राजपत्र भाग ५, खण्ड ६९, सङ्ख्या २५ मिति २०७६।०५।३० को नेपाल राजपत्र भाग ५, खण्ड ७०, सङ्ख्या ४७, मिति २०७७।१२।०९ को नेपाल राजपत्र भाग ५ तथा खण्ड ७२, सङ्ख्या ३८, मिति २०७९।०६।१० को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरेकोमा पुनः सो ऐनको दफा २६घ१. ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने अवधि संवत् २०८५ साल कात्तिक मसान्तसम्म र दफा २६घ३. ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीबिच बाँडफाँड गरी कारबाहीको टुङ्गो लगाई सक्नुपर्ने अवधि संवत् २०८६ साल असार मसान्तसम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,

मदन भुजेल

नेपाल सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।